नेपाली / ***NEPALI***

WISCONSIN
UNIVERSITY OF WISCONSIN–MADISON

सेप्टेम्बर १८, २०२५

आदरणीय *UW–Madison Workday* प्रयोगकर्ताहरू,

*Workday* को २०२५ सालको शरद मौसमको अपडेट शनिबार, सेप्टेम्बर २० मा हुनेछ। यस अपडेटमा सबै *Workday* प्रयोगकर्ताहरूलाई प्रभाव पार्ने नयाँ विशेषता र सुधारहरू समावेश छन्।

## २०२५ सालको शरद मौसममा के नयाँ छन्

यस अपडेट जुलाई २०२५ मा *Universities of Wisconsin* ले *Workday* शुरू गरेदेखिको पहिलो मुख्य अपडेट हो। विशेषताहरूको अपडेट वर्षमा दुई पटक आउँछन्, प्रायजसो मार्च र सेप्टेम्बरमा, जब नयाँ विशेषता, सुधार र मर्मतहरू समावेश हुन्छन्।

सबै *Workday* प्रयोगकर्ताहरूलाई प्रभाव पार्ने नयाँ विशेषताहरूमा यी कुराहरू समावेश छन्:

- ***Global Navigation Menu*** **(मेनु)** लाई सधैँ देखिने *sidebar* मा बदलिनेछ जुन तपाईंले *Workday* चलाउनुहुँदा सधैँ देख्न सक्नुहुनेछ।
- **वेबसाईटको मुख्य पानामा नयाँ *Quick Action* (छिटो जान मिल्ने कार्यहरू) बटनहरू** देखिनेछन् जसले तपाईंको काम सजिलो बनाउन सामान्य कार्य, रिपोर्ट वा बाह्य लिङ्कहरू राख्न दिनेछन्।
- कार्य पानाहरूमा ***Save*** **(साँच्ने) नयाँ चिन्ह** देखिनेछ जसले तपाईंलाई अन्तै पानामा नगइ वा आफ्नो काम नछोडि आफ्नो प्रगति चाँडै साँच्न सहयोग गर्नेछ।

विशेषताका थप अपडेटहरू *Workday* विशेषता अपडेटहरू (*Workday Feature Releases*) को वेबसाईटमा वर्णन गरिएको छ।

## तालिम तथा समर्थन

नयाँ विशेषताहरूका बारेमा तपाईंहरूले सजिलै र चाँडै सिक्न *Workday* का समर्थन स्रोतसाधनहरू र तालिम सामग्रीहरू अपडेट गरिँदैछ।

*Workday* का प्रश्नहरू वा समर्थनका लागि, *Workday* वेबसाईटमा रहेका *Get Help* (सहयोग पाउने) स्रोतसाधनहरू हेर्नुहोला। भाषा सेवा आवश्यक कर्मचारीहरूले सांस्कृतिक भाषागत सेवालाई cls.wisc.edu मार्फत सम्पर्क गर्न सक्नुहुनेछ।

*Workday* चलाइराख्नु भएकोमा धन्यवाद !

*Universities of Wisconsin Workday* टोली